*खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक*

# सार्वजनिक सुनुवाई कार्यक्रम

**२०७६ असार ३० गते**

# <u>प्रगति-प्रतिबेदन</u>




*सार्वजनिक सुनुवाईको एक झलक ।*

## आयोजक

## सहजिकरण

## खजुरा गाँउपालिका

## बास नेपालगन्ज

## *खजुरा गाँउपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

### २०७६ असार ३० गते

### खजुरा बाँके

**१. सहजिकरण गर्ने संस्थाको परिचय :–**

बागेश्वरी असल शासन क्लब (बास) बिगत १८ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल एक गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहदै आएको छ । ७३ जिल्ला शाखा, १०० उपशाखा, २० ईकाई र ४ हजार बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ । देशमा ब्याप्त भ्रष्टाचार न्युनिकरणका लागि बिभिन्न कार्यक्रम संचालन गर्दै आएको बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईन्टरनेशलन नेपालको आबद्ध संस्था हो ।

**२. कार्यक्रमको पृष्ठभुमि** :–

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनिहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाईबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा २०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको

मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो ।सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली,२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहीले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानिय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ । उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ । सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ र स्थानीय निकाय संचालन ऐन २०७४ मा सबै स्थानीय तहहरुले आफ्ना काम तथा कार्यक्रमको पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षेण र सार्वजनिक परिक्षेण सम्बन्धि छुट्टै कार्यबिधि बनाई नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण गर्नुपर्ने भनिएकोछ । सोहि कुरालाई मध्यनजर गर्दै खजुरा गाँउपालिकाको आयोजना र बास, नेपालगंजको सहजिकरणमा खजुरा गाँउपालिकाले संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका गुणस्तरीय सेवाको प्रभावकारिताबारे खुला छलफलका लागि खजुरा स्थित ग्रिन कटेजको हलमा मिति २०७६ असार ३० गतेका दिन ***खजुरा गाँउपालिकाले दिने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम*** सम्पन्न भएको छ ।

**३. कार्यक्रमका उद्धेश्यहरु** :

- गाँउपालिकाले गरेका क्रियाकलापको बारेमा समिक्षा गर्ने ।
- गाँउपालिकाको काम कारबाही बारे नगरबासिहरुलाई जानकारी गराउने ।
- गाँउपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमत मार्फत नगरबासिहरुको धारणा संकलन गर्ने ।
- उप-महानगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने ।
- चौमासिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुभ्काब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साभ्का सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**४. सार्वजनिक सुनुवाई सञ्चालनका क्रममा अवलम्बन गरिएका विधिहरु :**

खजुरा गाँउपालिकाले दिने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

***क. सहजकर्ताको छनौट तथा सम्झौता :***

विगतका बर्षहरु देखिनै खजुरा गाँउपालिकाको सार्वजनिक सुनुवाईका सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपालगन्जसँगको समन्वयलाई निरन्तरता दिदै यस बर्ष पनि गाँउपालिकाले संस्थालाई सहजिकरणको जिम्मेवारी दिएको थियो । सोही अनुरुप खजुरा गाँउपालिकाले गर्नु पर्ने आर्थिक बर्ष २०७५/०७६ मा तिन ओटा सार्वजनिक सुनुवाई सहजिकरणका लागि बास र उप-महानगरपालिका बिच सम्झौता भएको थियो । सोही सहमति अन्तरगत बासले पहिलो सार्वजनिक सुनुवाई गर्ने सहमति भएको छ ।

***ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :***

यो कार्यकम सार्बजनिक सुनुवाईको अबधारणा अबलम्बन गर्दै संचालन गरिनेछ । कार्यक्रममा गाउँपालिकाले प्रदान गर्ने सेवा, सुबिधा बारेमा सरोकारवाला र सर्बसाधारणका बिचमा दोहोरो सम्बाद र प्रश्नोत्तर हुने छ कार्यक्रमको अन्तमा निष्कर्ष सहित साझा सार्बजनिक प्रतिबद्धता ब्यक्त गरिनेछ । यो कार्यक्रमलाई सभ्य, शालिन र अनुशासित बनाउनका लागि आचारसंहिता समेत तयार पारिनेछ । यो कार्यक्रम सार्वजनिक सुनुवाई संचालन निर्देशिका-२०६७ र सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना-२०७४ र स्थानीय निकाय संचालन ऐन-२०७४ बमोजिम गरिनेछ ।

***ग. सार्वजनिक सुनुवाइको लागि सुचना तथा प्रचार प्रसार र पत्राचार :***

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि गाँउपालिकामा सबैलाई सार्बजनिक सूचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनु अगाबै स्थानीय पत्र–पत्रिका तथा एफएमहरुमा सूचना प्रकाशन, पम्पलेट टास, निमन्त्रणा पत्र बितरण, माईकिङ्ग तथा पत्राचार समेत गरिएको थियो । भने गाँउ कार्यपालिका पदाधिकारीहरुलाई गाँउपालिका मार्फत कार्यक्रममा एसएमएस मार्फत निमन्त्रणा गरिएको थियो ।

***घ. मिति, समय र स्थान निर्धारण :***

खजुरा गाँउपालिका र बास बिच छलफल पश्चात खजुरा स्थित ग्रिन कटेजको हलमा मिति २०७६ असार ३० गते दिउसो १:०० बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

***ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :***

खजुरा गाँउपालिकाले दिने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र तथा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो । नागरिक प्रतिबेदन पत्र गाँउपालिकाका विभिन्न वडाहरुमा गई गाँउबासिहरुसँगको घेटघाटबाट गरिएको थियो भने बहिर्हगमन अभिमत संकलन गाँउपालिकामा सेवा लिएर फर्किएका सेवाग्रीहरुबाट गाँउपालिकाको मूलद्धारमा स्वयम् सेवक बसि उनीहरुको तत्कालको अनुभव संकलन गरिएको थियो ।

## च. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन :

खजुरा गाँउपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई कार्यक्रम असार ३० गते खजुरामा सम्पन्न भएको छ ।

खजुरा गाँउपालिकाको अयोजना तथा बास नेपालगन्जको सहजिकरणमा आ.ब. २०७५/०७६ अन्तरगत अन्तिम चौमासिकको सार्वजनिक सुनुवाई सम्पन्न भएको हो ।

खजुरालाई ग्रिन सिटीको रुपमा विकास गर्नका लागि आ-आफ्नो तर्फबाट सहयोग गर्ने लगायतका ७ बुदें घोषणापत्र जारी गर्दै सुनुवाई सम्पन्न भएको छ । सुनुवाइमा गरिएका अन्य प्रतिबद्धताहरुमा खजुरा खानेपानी लाईनको सडक डुवानमा परेको भन्ने गुनासो आएकाले सो सडकलाई डुवान मुक्त बनाउन पहल गर्ने, खजुरामा रहेको सामुदायिक बिद्युतीकरणका लागि ट्रान्सफर्मर नियम अनुसार उपलब्ध गराउन पहल गर्ने, लक्षित बर्ग उत्थानका कार्यक्रमहरुलाई थप प्रभावकारि बनाउने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई योजनाबद्ध ढंगले आगामी आर्थिक बर्षमा सञ्चालन गर्ने, हाट बजारमा रहेको शौचालयलाई ब्यवस्थित गर्ने र आवश्यक स्थानहरुमा शौचालय निर्माण गर्ने साथै खजुरा बजार क्षेत्रको सडक पोलमा सडक बत्ति जडान गर्ने, खजुरामा जेष्ठ नागरिकहरुकालागि हेप्पी होम निर्माण गर्ने र खजुरा वडा नम्बर ४ मा स्वास्थ्य सेवा केन्द्र आ.ब. २०७६/०७७ मा स्थापना गर्ने प्रतिबद्धता गरिएको छ । घोषणा गरिएका प्रतिबद्धताहरुमा गाँउपालिका अध्यक्ष किस्मत कुमार कक्षपति, उपाध्यक्ष एकमाया बि.क., प्रमुख प्रशासकिय अधिकृत बम बहादुर केसी, वडा अध्यक्षहरु वडा नम्बर १ का अध्यक्ष सुमन मल्ल, २ का अध्यक्ष देबिलाल खनाल, ३ का कान्तुराम गौतम, ४ का तिलकविर सुनार, ५ का अध्यक्ष देबेन्द्र मान श्रेष्ठ, ७ का अतिउल्ला खाँ र ८ का फिरोज खान तथा गाँउ कार्यपालिका सदस्यहरुले हस्ताक्षर गरेका थिए ।

बासका उप-निर्देशक हेमराज भट्टले सहजिकरण गरेको सुनुवाईमा स्वागत तथा उद्धेश्यमाथि प्रकास बासका केन्द्रीय महासचिब शिब कुमार बर्माले गरेका थिए । सुनुवाईको शुरुवातमा बासले सुनुवाई पूर्ब गरेको नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत पत्रको नतिजा बासका सिएफए रबिन्द्र बोहराले गरेका थिए । कार्यक्रमका गाँउपालिकाले प्रदान गर्ने सेवा तथा सुविधा तथा आ.ब. २०७५/०७६ मा सम्पन्न क्रियाकलाप तथा मुख्य उपलब्धीहरुको बारेमा खजुरा गाँउपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिले गरेका थिए । सुनुवाईमा १७५ बढीको सहभागिता रहेको थियो ।

**सार्वजनिक सुनुवाईका केही झलकहरु :**


















सुनुवाई कार्यक्रममा प्रश्न गर्दै सहभागिहरु माथिबाट पहिलो, सोधिएका प्रश्नहरुको जवाफ दिदै वडा अध्यक्ष किस्मत कुमार कक्षपति तथा उपाध्यक्ष एकमाया बिक बिचमा ।

***छ. अघिल्लो सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धताहरुको समिक्षा :***

गाँउपालिकाले चालु आर्थिक वर्षमा गरेका अघिल्ला सार्वजनिक सुनुवाइमा व्यक्त गरिएका प्रतिवद्धताहरु कार्यन्वयन भए नभएको वारे छलफल गर्नका लागि उपस्थित सहभागि र सरोकारवालाहरु लाई सार्वजनिक प्रतिबद्धता र प्रतिबद्धता कार्यन्वयनका वारेमा सहजकर्ताले स्मरण गराई छलफल गराएका थिए । जसले गर्दा सार्वजनिक सुनुवाइ पछि भएका सकारात्मक सुधारहरुको वारेमा सबैलाई जानकारी भएको थियो ।

***ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु र जवाफदेहि वक्ताका जवाफ :***

सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागिहरुले उठान गरेका मुख्य सवाल तथा प्रभावकारी सेवा प्रबाह र गुणस्तरीय विकास निमार्ण कार्यका लागि दिएका मुख्य सुझावका साथै जबाफदेहिबक्ताहरुका जवाफहरु अनुसुची २ मा संलग्न गरिएको छ ।

***झ. प्रतिवद्धताहरुको सार्वजनिकिकरण :***

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफहरु र सुधारको लागि ७ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । प्रतिबद्धताहरु घोषणा गर्दै सार्वजनिक सुनुवाई सम्पन्न भए पश्चात प्रतिबद्धता सहित उल्लेख गरिएको प्रेश बिज्ञप्ती प्रकाशन गरिएको थियो । जुन बिज्ञप्ती सबै सञ्चार माध्यमहरुमा सम्प्रेषण गरिएको थियो । सम्प्रेषित बिज्ञप्तीका आधारमा र सुनुवाईमा उपस्थित पत्रकारहरुको रिर्पोर्टिंगको आधारमा बिभिन्न सञ्चार माध्यमहरुमा समाचार उच्च प्राथमिकताका साथ प्रकाशन/प्रशारण भएको थियो । ७ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसुची ३ मा संलग्न गरीएकोछ ।

***५ सार्वजनिक सुनुवाइमा सहभागिहरु उपस्थिती सँख्या :***

खजुरा गाँउपालिकाको आयोजना र बासको सहजिकरणमा गाँउपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीता बिषयक सार्वजनिक सुनुवाई अन्तरगत आर्थिक बर्ष २०७५/०७६ को सार्वजनिक सुनुवाईमा सरोकारवाला तथा सहभागिहरुको उत्साह पूर्ण सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा गाँउपालिकाका सबै वडाबाट सेवाग्राही, निर्वाचीत वडा अध्यक्ष तथा पदाधीकारीहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायतको सहभागिता रहेको थियो । सुनुवाईमा १७० बढी गाँउपालिका बासिहरुको सहभागिता रहेको थियो । सहभागिहरुको उपस्थिती विवरण अनुसुची ४ मा संलग्न गरिएको छ ।

***६. जबाफदेहि वक्ताहरु :***

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क्र.स. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | किस्मत कुमार कक्षपति | अध्यक्ष | खजुरा गाँउपालिका |
| २. | एकमाया बि.क. | उपाध्यक्ष | खजुरा गाँउपालिका |
| ३. | बम बहादुर के.सी | प्रमुख प्रशासकीय अधिकृत | खजुरा गाँउपालिका |

| | | | |
|---|---|---|---|
| ४. | विभिन्न वडाका वडा अध्यक्षहरु तथा कार्यपालिका सदस्यहरु | वडा अध्यक्ष | खजुरा गाँउपालिका |
| ५. | बिज्ञ समुहका सदस्यहरु | खजुरा गाँउपालिका | खजुरा गाँउपालिका |

## ७. सवल पक्षहरु :

खजुरा गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख, कार्यपालिकाका पदाधिकारीहरु बिचमा गाँउबासिहरुले हाकाहाकी बहस गर्ने अवसर सार्वजनिक सुनुवाईले जुराएको थियो । प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब राख्नका लागि खजुरा गाँउपालिकाको आयोजना तथा बासको सहजिकरणमा सञ्चालन हुँदै आएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भईसकेकोछ । यो कार्यक्रम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा *स्थानिय निकाय स्रोत परिचालन तथ व्यवस्थापन कार्यविधि, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि-२०६७* मा भएको व्यवस्था अनुसार नै सम्पन्न भएको छ ।

२. निर्वाचित गाँउपालिकाका जन प्रतिनिधिहरुका अगाडी नगरबासिहरुले आफ्ना गुनासाहरु पोख्न पाउदा हर्षित भएको पाईयो ।

३. सार्वजनिक सुनुवाई कार्यक्रममा गाँउपालिकाले दिएको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

४. सहभागिहरुले गुनासा, जिज्ञासा र सुझाब स्वस्फूर्त रुपमा राखेका छन् ।

५. सार्वजनिक सुनुवाइको आचारसंहिता पूर्ण रुपमा पालना गरिएको थियो ।

६. सहभागिहरुले सोधेका प्रश्नहरुको जवाफबाट सहभागिहरु सन्तुष्ट देखिएका थिए ।

७. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ७ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाई हस्ताक्षर गराईएको थियो ।

८. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सूचना, पम्पलेट टाँस, पत्राचार, निमन्त्रणा वितरण, एसएमएस लगायतका बिधिको प्रयोग गरिएको थियो जुन निकै प्रभावकारी भएको थियो ।

९. हरेक वडा कार्यालयहरु तथा नगरबासिहरुलाई निमन्त्रणा कार्य बितरण गर्ने र नगरकार्यपालिका सदस्यहरुलाई नगरपालिकाबाटै एसएमएस गर्नुले कार्यक्रममा लक्षित बर्गको उल्लेख्य र प्रभावकारी सहभागिता रहेको थियो ।

१०. कार्यक्रम व्यवस्थापनका लागि उचित कार्य बिभाजन गरिँदा कार्यक्रम प्रभावकारी भएको थियो ।

११. सुनुवाईमा गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, सबै वडाका अध्यक्षहरु तथा सबै शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

१२. सुनुवाईमा अल्पसंख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

१३. सार्वजनिक सुनुवाई सम्पन्न भईसके पछि सहजिकरण गर्ने संस्थाले सुनुवाईको समिक्षा गरेको थियो ।

१४. बासले सार्वजनिक सुनुवाई पूर्व गरेको नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमतको नतिजा विगतका बर्षहरु भन्दा सुधारोन्मुख देखिएको थियो ।

१५. सुनुवाईको प्रत्यक्ष प्रशारण स्थानीय सदभाव एफएमले गरेको थियो जसले कार्यक्रममा उपस्थित हुन नसकेका गाँउबासिहरुले घरमै बसि सुनेका थिए ।

## ८. सुधारका लागि सुझाब :

१. घुम्ती सार्वजनिक सुनुवाईको अवधारणा अगाडी बढाउदा प्रभावकारी हुने ।

२. सुनुवाई पूर्व गाँउपालिका र सहजिकरण गर्ने संस्था बिच अगाडी छलफल बैठक हुनुपर्ने ।

३. आयोजक र सहजिकरण गर्ने संस्थाबिच कार्यक्रमको समिक्षा भएका प्रभावकारी हुने ।

## ९. निष्कर्ष :

खजुरा गाँउपालिकाको आयोजना तथा बासको सहजिकरणमा सम्पन्न आर्थिक बर्ष २०७५/०७६ अन्तरगत खजुरा गाँउपालिकाले *दिने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम*ले उपमहानगरले गरिरहेका क्रियाकलापहरुको सार्वजनिकीकरण गरेको छ । सुनुवाईको माध्यमबाट दुई पक्ष बिच भएको छलफल, नगरवासी तथा लक्षित समुदायका तर्फबाट आएका जिज्ञासा र गुनासाहरुको सार्वजनिक प्रतिवद्धताहरु मार्फत समाधानको पक्षहरुलाई अवलम्बन गरिएको छ । यस सार्वजनिक सुनुवाई कार्यकमले सर्बसाधारणलाई अधिकार सम्पन्न व्यक्तिका नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिलाएको छ । आयोजक निकायहरुको पहलमा राजनीतिक दल र अन्य विषयगत निकायहरुलाई समेत सहभागि गराई दोहोरो संवादका माध्यमबाट सेवा प्रदायक निकाय र सेवाग्राही निकायको बीचमा खुला संबादले नागरिकहरुलाई सिधै अधिकारमा बसेकाहरुसँग गुनासा, जिज्ञासा, भोगाई, समस्या र माग राख्न सक्ने र चित्तबुझ्दो समाधानका उपाय खोज्ने अवसर मिलेको छ । यो अभ्यासले सरकारी निकाय र नागरिक समाज बीचको तहगत भऱ्यांगको दुरी घट्नुका साथै अबिश्वासको वातावरण सुधार्न सहयोग पुगेको छ । यस आर्थिक बर्षको दोश्रो सुनुवाई हुदा पहिलो सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धताहरुको समिक्षा र गाँउपालिकाले गरेका कामहरुको बारेमा गाँउपालिकाबासिहरुको धारणा सार्वजनिक भएको छ । सुनुवाईका माध्यमबाट नगरको बिकासका बारेमा प्रतिबद्धता खोज्नुले गाँउपालिकाको बिकासमा जन प्रतिनिधिहरु तथा समग्र गाँउपालिकाबासिहरुको जवाफदेहितामा थप बृद्धी गरेको छ ।

## १०. कार्यक्रमका उपलब्धिहरु :

- गाँउपालिकाले गरेका क्रियाकलापको बारेमा समिक्षा गर्ने काम भएको छ ।
- गाँउपालिकाको काम कारबाही बारे नगरबासिहरुलाई जानकारी गराउने काम भएकोछ ।
- गाँउपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने काम भएकोछ ।
- नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमत मार्फत नगरबासिहरुको धारणा संकलन गरि सार्वजनिकीकरण गर्ने काम भएकोछ ।

- गाँउपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा पृष्टपोषण लिने काम भएकोछ ।
- गाँउपालिकाले गरेका गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएकोछ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न ७ बुदें साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने काम भएकोछ ।

## अनुसुची १

***सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :***

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

## अनुसुची ३

## केही सहभागिहरुका प्रश्न, जिज्ञासा तथा जवाफदेशि बक्ताहरुको जवाफ संक्षेपमा

| क्र.स. | प्रश्नकर्ताको नाम, थर र ठेगाना | प्रश्न, गुनासो, सुझाव | जवाफदेहि ब्यक्तिको नाम, थर र पद | छोट्करीमा जवाफ |
|---|---|---|---|---|
| १ | निलकण्ठ उप्रेति | वडा नम्बर ३ मा बनेको बाटो कहिले बन्छ ? | किस्मत कुमार कक्षपति अध्यक्ष | केही समय पछि सबै बाटाहरु पिच गर्ने योजना रहेको छ केही समय धैर्य गर्न अनुरोध छ। |
| २ | उमा गिरी खजुरा ४ | नारि उत्थान जाने बाटो बर्षौ देखि जिर्ण अवस्थामा रहेको छ त्यसको योजना कहिले आउछ ? | किस्मत कुमार कक्षपति अध्यक्ष | त्यसको बारेमा हामिले प्राथमिकतामा राखेका छौ आगामी आर्थिक बर्षमा गर्ने योजना हाम्रो छ। |
| ३ | भिम राना | गाँउपालिकाले उद्योग र ब्यापारीहरुसँग छलफल किन गर्दैन ? आदिबासि जनजातीको कार्यक्रममा किन महासंघलाई जानकारी गराईदैन ? | किस्मत कुमार कक्षपति अध्यक्ष | हामी निरन्तर ब्यवसायिहरुको सम्पर्कमा रहेर काम गरिरहेका छौं जहाँ सम्म जनजातिको कार्यक्रमको सवाल छ हामीले सके सम्म प्रयास गरेका छौं तपाईहरु कार्यालयमा आउनुस हामी छलफल गरेर कार्यक्रम गर्न तयार छौं। |
| ४ | शेर बहादुर पुन | गाँउपालिकाले वडामा बजेट वितरण गर्दा समानुपातिक हुनु पर्ने ? सामुदायिक बिद्युतीकरणमा गाँउपालिकाले कस्तो सहयोग गर्छ ? | किस्मत कुमार कक्षपति अध्यक्ष | समानुपातिक हुदैन हामिले सरकारको निति अनुसार चल्नु पर्ने भएकाले सोही अनुसार हुन्छ। जहाा सम्म बिद्युतीकरणको सवाल छ त्यो ब्यापारिक प्रयोजनका लागि भएका कारण कतै बाट हुन सकेमा गर्ने। |
| ५ | सूर्यमाया कुमाल | खजुरा खानेपानीको बाटो डुवानमा छ कहिले बन्छ ? | किस्मत कुमार कक्षपति अध्यक्ष | त्यसका लागि हामी योजनाका साथ अगाडी छौं चाडै बन्छ। |
| ६ | पद्मा भण्डारी | सडक निर्माण गर्दा अर्काको निजि जग्गाबाट माटो खनिएको छ जसका कारण डुवानको समस्या भएको छ यसको समाधान के छ ? | कान्तुराम गौतम अध्यक्ष वडा नम्बर ३ | ब्यक्तिलाई असर पर्ने भएपछि काम तत्काल रोकीएको छ त्यस बारेमा बसेर छलफल गर्न तयार छौं। |

| | | | | |
|---|---|---|---|---|
| ७ | नैन बहादुर महतरा | कृषिका लागि गाँउपालिकाले निति ल्याएर अगाडी बढ्न जरुरी छ ? | किस्मत कुमार कक्षपति अध्यक्ष | निकै राम्रो कुरा उठाउनु भएको छ त्यसका लागि गाँउपालिका तयार छ । |
| ८ | भिम राना | शार्वजनिक शौचालयहरु बजारमा छैनन, सडक बत्ति कतै छैन त्यसको योजना के छ । | किस्मत कुमार कक्षपति अध्यक्ष | कृषि हाट बजार स्थित शौचालयको मर्मत गर्ने र चाडै आवश्यकता अुनसार शौचालय निर्माण गर्ने छौं, सडक बिस्तार कार्य भईरहेकाले सो सकिए लगत्तै सडक बत्ति लगाउने छौं । |
| ९. | देबराम बिसी | वडा नम्बर ४ स्वास्थ्य चौकी बाट बन्चीत रहेको छ कहिले बन्छ ? | किस्मत कुमार कक्षपति अध्यक्ष | आ.ब. २०७६/०७७ मा स्वास्थ्य चौकी स्थापना गर्ने प्रतिबद्धता गर्दछौं । |

नमस्कार शाह

कार्यकारी निर्देशक, बास